**नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)**


मनमोहन मजदुर भवन, पुतलीसडक, काठमाडौं

फोन : ४१६८०००, फ्याक्स : ४१६८००१

इमेल : office@gefont.org

www.gefont.org


एक श्रमिकको समस्या
हामी सबैको संलग्नता!!

GEFONT SOLIDARITY Fund

# जिफन्ट ऐक्यबद्धता कोष

## सम्बन्धी अवधारणा



## ऐक्यवद्धता कोषको आवश्यकता

पूँजीको विश्वव्यापीकरण संगै श्रमको संसारमा कतिपय मानवीय मूल्यहरूको चरम उपेक्षा भइरहेको छ । 'एउटालाई चोटलग्दा अर्कोलाई दुख्ने' श्रमजीवी वर्गीय भावनामथि 'एउटाको विनासमा अर्काको प्रगति' देख्ने अमानवीय व्यवहारले राज गर्दैछ । यो दुषित संस्कारले श्रमजीवी वर्ग र स्वयं हाम्रो परिवारमा पनि प्रभावित गर्ने खतरा महसुस हुँदैछ ।





## कोषको स्रोत

जिफन्ट राष्ट्रिय कमिटीको ८३ औँ बैठकले यो कोष १ करोड रकम बराबरको हुने निर्णय गरेको छ । यसमा जिफन्ट मातहत कमिटी, सदस्य संघहरू र सदस्य संघका मातहतका कमिटीहरूबाट न्यूनतम रू.२५ हजारका दरले रू.५० लाख र, जिफन्ट राष्ट्रिय कमिटीबाट रू.५० लाख गरी जम्मा १ करोड सङ्कलन गरिने छ ।

नेपाली श्रमजीवी वर्ग जहिल्यै समस्या र अभावसँग जुध्दै आईरहेको छ । कतिपय समस्याहरूतत्काल अकालन गर्न नसकिने प्रकृतिका पनि हुन्छ्न । सामान्य आवस्यकताहरू श्रमिक आफैं, हाम्रा यूनियनहरू र महासंघले बचत/सहकारी र विभिन्न राहतमूलक कोषको माध्यमबाट हल गर्दै आइरहेको छ । तर आकस्मिक रूपमा आउन सक्ने अप्ठयारालाई हल गर्ने बा्रेमा सामूहिक रूपमा अहिलेबाटै काम नथाल्ने हो भने समस्याको पहाड हामीमाथि बर्ज्रँदा धेरै ढिलो भइुकेको हुने छ । त्यसैले जिफन्ट परिवारभित्र 'एकले सबैलाई, सबैमिली एकलाई' भन्ने सामूहिक भावना प्रतिविम्बित गर्न जिफन्ट ऐक्यवद्धता कोष स्थापना गर्न लगिएको हो ।





## कोषको सञ्चालन प्रकृया

यो कोष महासंघ र सदस्य यूनियनहरूको संयूक्त निर्णयमा सञ्चालन हुने छ । त्यसैले यो कोषको सञ्चालक समितिमा सदस्य यूनियनले चुनेका प्रतिनिधि तथा महासंघको प्रतिनिधिहरूबाट संयूक्त रूपमा सञ्चालन हुने छ ।

कोषको संचालक समितीमा सदस्य संघहरू र महासंघबाट बराबर संङ्ख्यामा सदस्य रहने व्यवस्था गरिने छ ।

यस कोषको सञ्चालनबाट एकले अर्कोलाई राहत पुऱ्याउने र संगठनप्रति आम श्रमिकहरूलाई विस्वस्त बनाउने अपेक्षा राखिएको । यो कोषमा रकम जम्मा भएपछि सञ्चालक समितीको निर्वाचन गरिने छ । संचालन सम्बन्धी नियमावली तयार गरिने छ ।



महासंघ स्थापनाको रजत वर्ष समारोहमा (२०७१ साउन ४ गते) आफ्नो सदस्य तथा सदस्यका परिवारहरूलाई ठूला समस्यामा उचित र प्रभावकारी रूपमा सहयोग गर्न सकियोस भन्ने उद्देश्यले महासंघ र यसमा आवद्ध सदस्य यूनियनहरूको संलग्नतामा एक १ करोड रूपैँया बराबरको यो “ऐक्यवद्धता कोष” स्थापना गर्ने घोषणा अध्यक्ष कमरेड बिष्णु रिमालले गर्नु भएको हो ।



फुकाएर सहयोग गर्न सक्ने सामर्थ्य बनि सकेकै छैन। जे छ त्यसबाट दिने सहयोगले ठूला समस्याको समाधान हुन सकिरहेको छैन । त्यसैले बृति विकासमा होस वा ठूला अप्ठयारामा परेका सदस्यहरू र तिनको परिवारजनलाई मन फुकाएर सहयोग गर्न सकियोस् भन्ने उद्देश्यले यो ऐक्यवद्धता कोष निर्माण गर्ने घोषणा गरिएको हो ।

सामाजिक सुरक्षा नरहेको हाम्रो जस्तो देशमा श्रमिक वर्गको आम्दानीले मात्र समस्याको सामना गर्न सक्ने सामर्थ्य राख्दैन । शिक्षा र स्वास्थ्य दुबै मँहगो र श्रमिक वर्गको पहुँच भन्दा बाहिर रहेको छ ।

क्यान्सर, मृगौला, मुटु जस्ता जटिल रोगहरूको उपचार अत्यन्त मंहङ्गा छन् । दुर्घटनामा परी अपाङ्ग भएका, मृत्यु भएका परिवारका सदस्यहरूको बिचल्ली, बाढी पहिरो तथा आगलागीका कारण घरवार बिहिन बन्नु परेका सदस्यको अवस्थाप्रति जिफन्ट अत्यन्तै गम्भीर रहेको छ । तर यस्तो अप्ठ्यारोमा परेका सदस्यहरूलाई मन



## ऐक्यवद्धता कोषले गर्ने काम

नेपाल ट्रेड यूनियन महासघंले विगत लामो समय देखि नै विभिन्न प्रकृतिका कोषको स्थापना गरी सङ्कटको अवस्थामा आफ्नो सदस्य तथा सदस्यका परिवारजनहरूलाई राहत प्रदान गर्दै आएकोछ । महासंघले सञ्चालन गरेको आपतकालिन राहत कोष र महिला सामाजिक साहायता कोषबाट स्वास्थ्य सम्बन्धी समस्या तथा विभिन्न प्रकोपबाट पीडित भएका आफ्ना सदस्यहरूलाई सामान्य सहयोग गर्दै आएको छ । यस्तो सहयोगले समस्यामा सामान्य भरथेग मात्र हुने गरेको छ । यदी गम्भीर प्रकृतिका रोग लाग्यो भने के होला ? शिक्षा र स्वास्थ्य जस्ता आधारभूत बिषयहरू


एक श्रमिकको समस्या
हामी सबैको संलग्नता!!
GEFONT SOLIDARITY Fund